आज मिति २०७७/०४/२९ गते निमित्त प्रमुख जिल्ला अधिकारी श्री अञ्जु पोखरेलको अध्यक्षतामा बसेको कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि गठित (CCMC अन्तर्गत) जिल्लागत संरचनाको बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी तपशील बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| | | | |
|---|---|---|---|
| अध्यक्ष | नि.प्र.जि.अ. | श्री अञ्जु पोखरेल | जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व |
| सदस्य | सेनानी | श्री अमितजंग शाह | खड्गदल गण, सुरक्षा गुल्म, रुकुमकोट, रुकुम पूर्व |
| सदस्य | प्र.ना.उ. | श्री गजुसिद्दि बज्राचार्य | जिल्ला प्रहरी कार्यालय, रुकुम पूर्व |
| सदस्य | स.प्र.ना.उ. | श्री सुदन आचार्य | स.प्र.बल नेपाल गुल्म हे.क्वा. रुकुमकोट, रुकुम पूर्व |
| सदस्य | प्र.अ.अ. | श्री प्रविण पनेरु | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रुकुम पूर्व |
| सदस्य | नि.मे.सु. | डा. श्री बद्री बैदवार | जिल्ला अस्पताल, रुकुम पूर्व |
| सदस्य | नि.जि.स.अ. | श्री बिमला रोका श्रेष्ठ | जिल्ला समन्वय समिति, रुकुम पूर्व |

सल्लाहकारः

| | | |
|---|---|---|
| उप-प्रमुख | श्री भिम कुमारी पुन | जिल्ला समन्वय समिति, रुकुम पूर्व |
| अध्यक्ष | श्री रामसुर वुढा | भुमे गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| अध्यक्ष | श्री कुमारी बराल गौतम | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |

आमन्त्रितः

| | | |
|---|---|---|
| प्र.प्र.अ. | श्री रविन्द्र बुढा क्षेत्री | पुथाउत्तरगंगा गाउँपालिका, रुकुम पूर्व |
| प्र.प्र.अ. | श्री चन्द्रसिंह श्रेष्ठ | भूमे गाउँपालिका, रुकुम पूर्व |
| अध्यक्ष | श्री यज्ञ प्रकाश मल्ल | उद्योग वाणिज्य संघ, रुकुम पूर्व |
| नि.का.प्र. | श्री यादव प्रसाद शर्मा | स्वास्थ्य कार्यालय, रुकुम पूर्व |
| स्वास्थ्य संयोजक | श्री उपेन्द्र यादव | भूमे गाउँपालिका, रुकुम पूर्व |
| उद्योग अधिकृत | श्री तारा प्रसाद शर्मा | घरेलु तथा साना उद्योग कार्यालय रुकुम पूर्व |
| स्वा. शा. प्रमुख | श्री सुरेन्द्र प्रसाद यादव | सिस्ने गाउँपालिका, रुकुम पूर्व |
| व्या. टे. नि. | श्री तिम प्रसाद गिरी | स्वास्थ्य कार्यालय रुकुम पूर्व |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पूर्व)

**निर्णय नं. १**

कोभिड -१९ को रोकथाम नियन्त्रण तथा प्रतिकार्य सम्बन्धमा रुकुम पूर्व जिल्लामा भएका समग्र कार्यक्रमहरुको समीक्षा गर्दा जिल्लामा कोभिड -१९ को संक्रमण नियन्त्रणमै रहेकोले अवस्था सन्तोषजनक रहेको महशुस गरियो । यसमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग गर्ने तीनवटै गाउँपालिका तथा सम्बन्धित सबैलाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा समेत सहयोगको निरन्तरताको अपेक्षा गरियो ।

**निर्णय नं. २**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०४/२६ गतेको बैठकले गरेका निर्णयहरु कार्यान्वयन गर्ने सम्बन्धी गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको प.सं. ०७७/०७८, च.नं. ३७९ मिति २०७७/०४/२८ को पत्रबाट प्राप्त निर्देशनलाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

कोभिड-१९ को संक्रमण बढ्दो क्रममा रहेको र यस जिल्लामा समेत सोको जोखिम कायमै रहेकोले नेपाल सरकारले तोकेका स्वास्थ्य सम्बन्धी मापदण्डहरु, भौतिक दुरीको पालना अनिवार्य रुपमा मास्क लगाउने, स्यानिटाइजर प्रयोग गर्ने र साबुन पानीले हात धुने जस्ता पूर्व सावधानीका उपायहरु पालना गर्नका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई अनुरोध गर्ने साथै तोकिएका मापदण्डहरुको उल्लंघन गर्ने जोसुकैलाई संक्रामक रोग ऐन, २०२० र नेपाल सरकारले पछिल्लो समयमा जारी गरेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी मापदण्ड अनुसार कारवाही गर्ने निर्णय गरियो ।

प्र. प्रमुख जिल्ला अधिकारी